NJ: NUTA

# मालसिरीको सन्दर्भ र विश्लेषण

**डा. कृष्णप्रसाद न्यौपाने**
सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय
Email for correspondence: neupanekp@yahoo.com

## लोकसाहित्य

लोकपरम्परा कै प्रवाहमा जीवित रहेको छ । अभिजात्य संस्कार, शास्त्रीयता एवम् पाण्डित्यको चेतना अथवा अहंकारबाट पृथक रहेको समाज लोक हो । नेपाली लोकवार्तामा लोकसाहित्यको स्थान उच्च रहेको छ । लोकसाहित्य मौखिकरूपमा जीवित साहित्य हो । लोकसाहित्य जनसमुदायको रचना, लोककण्ठमा विद्यमान रहेको एवम् भावहरूको स्वच्छन्द अभिव्यक्ति जहाँ परिस्कारको चेष्टा पनि नगरिएको हुन्छ । नेपाल प्राचीनकालदेखि नै धार्मिक भावनाका दृष्टिले परमपवित्र क्षेत्र मानिँदै आएको छ । यहाँका बासिन्दाहरूमा अनादिकालदेखि धार्मिक विश्वास अकण्टक रुपमा रहेको बुझिन्छ । नेपालमा शास्त्रसम्मत धर्म र लोकधर्मको परम्परागत प्रक्रिया समानरूपमा अस्तित्त्वमा रहेका छन् । नेपाली लोकजीवनले मूलतः धर्म, चाडबाड, पूजाआजा, व्रत, धार्मिक संस्कार आदि सम्पूर्ण दृष्टिले हिन्दु धार्मिक एवम् शास्त्रीय पद्धतिलाई अनुशरण गरिरहेको छ ।

## भजन

धार्मिक पूजाको अवसरमा गाइने गीतलाई भजन भनिन्छ । आराध्य देव-देवताको र गुरु आदिको नाम र महिमा बारम्बार लिने र गाउने काम, नामकीर्तन, गुणगान (त्रिपाठी,२०४०:९९४) नै भजन हुन् । भक्त (भज्ं‍क्त) शब्दले अनुरक्त, पुजक, आराधक भन्ने अर्थ राख्दछ भने त्यसको विशेषण रूपको भक्ति (भज्ं‍क्तिन्) शब्दले अनुराग राख्ने, श्रद्धालु, धर्मनिष्ट जस्ता अर्थ दिन्छ (ईश्वर,२०५५:५५०) । एकनिष्ठ अनुरागी नै धर्मात्म वा भक्त नामले परिचित हुन्छ । भक्तिमा लीन भएर भक्त भावसमुद्रमा डुब्दछ । उसले आफ्नो अस्तित्वसमेत बिर्सेर केवल आफ्नो इष्टदेव भगवान्सँग तन्मय हुन्छ । यस अवस्थामा भक्त समस्त जगत्लाई आफूमा र आफूलाई समस्त जगत्मा व्याप्त भएको अनुभुति गर्दछ । यसरी सबै स्थानलाई समानभावले देख्दछ । नेपाली लोकसाहित्यमा मालसिरी भजनको महत्त्वलाई संकलन र सान्दर्भिक विवेचना गर्नु आवश्यक बुझियो ।

## मालसिरी

सङ्गीतशास्त्रका अनुसार सायङ्कालमा गाइने रागिनीको एक प्रकार, सोही रागमा रचिएको गीत जुन दशैंमा विहानबेलुकी गाइने दुर्गादेवीको स्तुति (त्रिपाठी,२०४०:१०७४) मालसिरी हो । नवदुर्गा भवानीलाई दु:खमोचनका खातिर स्तुति गर्ने प्रचलन छ । यो कार्य विशेष रूपमा विजयादशमीको अवसरमा घटस्थापनादेखि

नवमीसम्म गरिन्छ । देवीलाई जगतकी जननी मानिएको छ । उनले सिर्जना गर्छिन् र संरक्षण गर्दछिन् । उनैबाट हामीहरू संरक्षित हुँदै आएका छौँ । यस्ती शक्तिदायिनी दुर्गाको स्तुति गाउनु, पूजाआजा गर्नु हाम्रो कर्तव्य भएको छ ।

नवरात्रमापूजा गरिने देवी वा कुमारी नौ मानिन्छ । ती कुमारीका, त्रिमुर्ति, कल्याणी, रोहिणी, काली, चण्डिका, शाम्भवी, दुर्गा र सुभद्रा हुन् । नवरात्रमा पूजा गरिने दुर्गादेवीका पनि नौ रूप छन्, जसका सम्बन्धमा दुर्गाकवचमा उल्लेख गरिएको छ । ती शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री हुन् (त्रिपाठी, २०४०:७११) । उनको प्रशस्ति गाउँदा सुख संवृद्धि हुने कुरामा विश्वास गरिन्छ ।

## सन्दर्भ

कर्मप्रति आश्वस्त ईश्वरीय शक्तिप्रति विश्वस्त हुँदै घटस्थापनाको दिन नै दुर्गाभवानीको मन्दिरको स्थापना गरिएको हुन्छ । यस प्रकारका मन्दिरहरू अस्थायी वा स्थायी हुन्छन् । घरघरमा स्थापना गरिने मन्दिर प्रायः अस्थायी प्रकारका हुन्छन् । देवीको मन्दिर अस्थायी रूपमा स्थापना गरिएको हुँदा बिहान बेलुका भक्त समीपमा रही स्तुति गाउने गर्दछन् । यस कार्यमा व्यक्ति एवम् परिवार विशेषका पुरुष वा महिलाहरूको सक्रियता रहन्छ, तर समुहको सक्रियतामा स्थापना वा निर्माण गरिएको देवस्थलमा भने आफ्नो संस्कारप्रति निष्ठावान भई मन, वचन र कर्मले सनातन मूल्य र मान्यताप्रति अनुराग राख्दै आएको व्यक्ति भक्तको रूपमा तोकिन्छ । यहाँ बिहान बेलुका भजन गाउने जुन व्यक्ति हो, त्यसैलाई भक्त भनिएको हो । यस अर्थमा हजुरबुवा, बुवा हुँदै छोराको पालो आएको पनि हुन सक्छ । कुनै कारणले उक्त परम्परामा दखल पर्न आएमा समुहको छनोट निर्णायक हुने गर्दछ ।

यसरी निर्माण गरिएको मन्दिर प्रायः सबैलाई पायक पर्ने सर्वजनिक स्थानमा हुन्छ । यदि पायक पर्ने स्थान वा छनोट गरिएको स्थानमा व्यक्तिको अधीनमा रहेको अवस्था छ भने पनि जग्गालाई सार्वजनिक गरिन्छ । यसरी निर्माण गरिएको मन्दिरमा मूलभक्तले घटस्थापनाको दिन जमरा राख्ने काम गर्दछ । उसले यसै स्थानमा बिहानबेलुका धुपबत्ती गरी स्तुति गाउँछ । बेलुकाको समयमा बालबालिका, किशोरकिशोरी र वृद्धवृद्धाको उपस्थितिमा चारपाँच घण्टा जति भवानीमाईको भजन गाउने गरिन्छ । युवा पुस्ताले अन्य भजन र ख्याली गीत पनि गाउँछन् । यस थलोलाई प्रायः मौलो वा कोट नामले सम्बोधन गरिएको हुन्छ ।

प्रायः पुरानो पुस्ताले मालसिरी भजन गाउने गरेको पाइन्छ । मालसिरी देवस्थलमा गाइन्छ । त्यो स्थल पारिवारिक एवम् सामुहिक पनि हुनसक्छ । पारिवारिक सक्रियतामा स्थापित थलामा त्यसै घरका मानिस मात्रै गायक हुन्छन्, तर सामुहिक सक्रियताद्वारा स्थापना गरिएको मन्दिरमा रागपूर्ण गायनको अवसर निपूर्णलाई दिने गरिन्छ ।

गन्धर्व जातिले गाउने थलोमा भने मन्दिर हुँदैन । उनीहरूले नवरथाभरि नै घरैपिच्छे मालसिरी गाउँदै हिड्ने चलन छ । माईको नाममा घरैपिच्छे जमरा राखिएको हुनाले यसरी मालसिरी गाउँदै हिँड्ने प्रचलन रहेको बताइन्छ । यसरी गाएवापत तत्काल केही लिइँदैन । त्यसैले यसलाई सेवा लगाउने पनि भनिन्छ । कतैकतै यो चलन अहिले पनि पाइन्छ ।

नवदुर्गाको अवसरमा घरघरमा भगवतीको उत्पत्ति भएको विश्वास सनातन बनिसकेको छ । त्यसैले यस अवसरमा भगवती रूपको स्थापना गरी पूजाआजा गरिन्छ । दशैंको टीकासँग लगाइने जमरा आ-आफ्नो घरमा

राखेको स्थानमा नवदुर्गा भरिका दिनहरूका बेलुकाको समयमा मालसिरी गाइन्छ । यस स्थानमा धुपबत्ती बालिन्छ र मालसिरी गाउने गरिन्छ । जमरा राख्ने काम कोटमा पनि गरिन्छ । त्यस स्थानमा पनि मालसिरी गाउने प्रचलन रहेको छ । विशेष रूपमा अष्टमीका दिन राँगा काट्दाको अवसरमा कोट वा मौलोमा चहकिलो पाराले गाउने गरिन्छ, यस दिन बेलुका कोट वा मौलोमा चिराग बालिन्छ र मालसिरी गाइन्छ । यहाँ दर्शक एवम् स्रोताहरूका रूपमा अन्य जातिका मानिसहरू पनि हुने गर्दछन् । अन्य समयमा भने प्रायः बेलुकी गाइन्छ । मालसिरी गाउँदा वाद्यवादनको प्रयोग गरिँदैन ।

ब्राह्मण जातिका मानिसहरूले आफ्नो घर र कोटमा बाहेक अन्य व्यक्तिको घरमा गएर गाउने गर्दैनन् । मालसिरी कुनै एक दिनमा सबै गाउने वा नगाउने हुनसक्छ । यसमा यसै गर्नुपर्छ भन्ने कुनै स्थापित मान्यता पाइएन । प्रायः अलिअलि गरेर नवै दिनमा गाइसक्ने प्रचलन रहेको बुझिन्छ । यति दिनमा यति गाउने भन्ने कुनै प्रचलित मान्यता रहेको पनि छैन, तर एकै दिनमा सबै गाएमा कुनै आपत्ति मानिँदैन । आफू सक्दो गाउने प्रचलन स्थापित भएको छ ।

यो भजन (गीत) एकलभन्दा पनि समुहमा गाइन्छ । यसका गायक महिला एवम् पुरुषहरू हुन्छन्, तर प्रायः गायनमा लोग्ने मानिसहरूको सक्रियता विशेष रहेको हुन्छ । यस भजनका संकलन सहयोगी ७५ वर्षीय (वि.सं.२०५९मा) मोहनीलाल भट्टराई, स्याङ्जा जिल्ला, कृष्णगण्डकी गाविस ७, गुरुङ्दी लाम्दीकोटका बासिन्दा हुन् । उनले मालसिरी पिता-पूर्खाका पालादेखि नै गाइँदै आएको बताए । उनले यो गायनकार्य आफ्ना अग्रजबाट सिकेको भन्दछन् । यसलाई कहिले किताबमा भएको हेरेर र कहिले मौखिक गाउने गरेको कुरा बताउँछन् । यसको संकलनको क्रममा मौखिक पाठ सुनाएका थिए । त्यसैलाई मूलपाठ स्वीकारिएको छ । दिनैपिच्छेको फरक-फरक गीत हुँदैन । यहाँ प्रत्येक दिन गाउने मालसिरीको मूलपाठमा भने एकरूपता रहेको हुन्छ । अरु जातिले गाउने मालसिरी पनि रहेको तर यहाँ बाहुन, क्षत्री जातिले गाउने मालसिरीको मूलपाठलाई अध्ययनको सामग्री बनाइएको छ ।

**मूलपाठ**

ॐ नमश्चैव चण्डी मंगला काली, बद्रीकाली कपालिनी १
दुर्गाजीमा शिवाधात्री चासोरा नमस्तुते २
जय देवी जय चामुण्ड जय उदाधारिणी ३
जय सर्बगत देवी कालारात्री नमस्तुते ४
अतः रागमालश्री श्री गणेश सायनमो ५
हा हा लाल मुकुट गंगा जमुना, त्रिवेणी, ६
नारायणी काली चन्द्ररूपेणी धारिणी ७
रक्तवीज निपाती देवी शंख, चक्र धारिणी, ८
हा हा लाल रूपेणी असुर मारिणी ९
हा हा लाल रूपेणी असुर मारिणी, १०
हा हा तीन त्रिलोक सुधारिणी ११
त्रिशुल करधर बरणपत्र, असुर मारैला चण्डिका १२
जय देवी भैरवी गोरखैनाथ, दर्शन देउ भवानिए १३

प्रथम देवीजी उत्पन्न भइन हैं, ज्योति स्वरूप देखायी ए १४
प्रथम देवीजी उत्पन्न भइन हैं, ज्योति स्वरूप देखायी ए १५
ज्योति जगमग चउहै दिशा, चौषष्ठी जोगेनी साथ ए -२ १६
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १७
माथ मुकुट अर्ध चन्द्र, सूर्य नेत्र देखाइए १८
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १९
सिरमा सिन्दुर मकुट झलक, कान कुण्डल लगाइ ए २०
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ २१
ज्योति जगमग चउहै दिशा, चौषष्ठि जोगेनी साथ ए -२ २२
कोटी बाण सहश्र धारिणी, सकल जगत्र के कारिणी -२ २३
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ २४
अम्मिका रूप भैरवी धारण, चामुण्ड धुम्रलोचनी माई ए २५
रक्तवीज संहार कारिणी, बज्रशोभित कालिका २६
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ २७
ज्योति जगमग चउहै दिशा, चौषष्ठि जोगेनी साथ ए -२ २८
खडग खप्परु त्रिशुल करधर, असुरा मारैला चण्डिका २९
कोटी बाण शोभित माइए, सिंह बाहिनी कालिका ३०
माता जननी जगत्र हित कारिणी, सब हितकरिण्य कालिका ३१
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ३२
देवी ईश्वरी पुर्ववती यता, काली रूप धारिणी हैं ३३
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ३४
हात खड्वाङ्ग त्रिशुल करधर, असुरा मारैला चण्डिका ३५
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ३६
आफू त माई सिंह बाहिनी, सिंह चढिचढी आइन हैं -२ ३७
पाउमा छमछम घुगुरा बाजे, गलमतीको हार है ३८
लाल रूपेणी रक्त बर्ण, कान कुण्डल शोभित ३९
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ४०
सिरमा सिन्दुर माथ मुकुट, शंख चक्र जो धारिणी ४१
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ४२
आफू त माई पूर्णवर्ती सीता, धन्य ईश्वरी माइए ४३
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ४४
हात खड्वाङ्ग त्रिशुल कारधर, असुरा मारैला चण्डिका ४५
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ४६
रक्त दन्तिका निलो वर्ण, अर्ध चन्द्र मुकुट शोभित ४७

हो बरछाइए बछइया, रक्त दन्तिका निलो वर्ण
हो बरछाइए बछइया, हा हा देवी सत्यवती सीता
विस्नु अंग सुहाइए ।
दैत्य मारी मुण्डमाला धारी, सकल जगत्र के कारिणी
प्रथम देवी जी उत्पन्न भइन है, कैलाश बास जो लिए है
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२
बाजा त झिमिझिमी डम्मरु बाजे, घुँगुघुँगुरा बजाइ ए
बाजा शंख वेनी बाजो, छत्तीस बाजा बजाइए
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२
लाल रूप चण्डिका आई, असुरा मारैला चण्डिका
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२
अर्धचन्द्र ललाट शोभित, माथ मकुट सुहाइए
देवी दुर्गे कालिका रूपेणी, विष्णु रूप सुहाइए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
तीनइ त्रिलोकमा राज्या लिइन है, सकल जितिन सब देशए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
माथइ मकुट ललाटै सिन्दुर, हात खप्परु धारिणी
खड्ग खप्परुत्रिशुल करधर, असुर मारैला चण्डिका
प्रथम देवी जी कैलाश जननी, ज्योति स्वरूप देखाइए
ज्योति जगमग चउहै दिशा, चौषष्ठि जोगेनी साथए
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२
भीमकाली पृथिके शोभित, सिंह बाहिनी अम्मिका
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२
चौषष्ठी लाख अलाख असुरा, शुम्भ नासिनी कालिका
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२
खड्ग खप्परु त्रिशुल करधर, असुर मारैला चण्डिका
तीनइ त्रिलोक राज्य लिइन् है, और लिइन सब देशए
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२
कानकी कौमेनी देवी विजय, अम्मिका रूप जो धारिणी
श्री टिकार अम्मिका रूप, संहार कारिणी कालिका
पालन कार लक्ष्मी भयौ, तिनयी त्रिलोक सुधारिणी
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२
हा हा देवी तुमु है भवानी, असुरा मारैला चण्डिका
अर्धचन्द्र शोभित लगायौ, हात खड्ग खप्परु धारिणी

हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ८२
महिषासुरको बली दिए, तीन त्रिलोक सुधारिए ८३
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ८४
अनेक रूपेणी असुर मारिणी, शुम्भ निशुम्भ संहारिए ८५
चौषष्ठि लाख अलाख असुर, शुम्भ सैन्य जो भाइए ८६
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ८७
दैत्य मारिणी असुर धारिणी, तीन त्रिलोक सुधारिणी ८८
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ८९
तीनइ त्रिलोकमा राज्य लिइन है, कौने हुकुम चलाइए ९०
कालिका रूपले असुर मारिणी, चण्डिका रूप सुधारिए ९१
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ९२
खड्ग खप्परुत्रिशुल करधर, बरणपत्र असुर मारिणी चण्डिका ९३
हा हा असुर मारिणी चण्डिका, हा हा देवी तुमु है भवानी ९४
सकल जगत्र के कारिणी, खप्परु भोरिभोरी रोजेर पिवमा -२ ९५
औसे प्रसन्न लगाइ ए, हा हा देवी तुमु है भवानी ९६
सकल जगत्र के कारिणी -२ ९७
देवी माता सरस्वती जननी, त्रिलोक सुधारी आइन है ९८
तीनइ त्रिलोकको राज्य लिइन है, कउने हुकुम चलाइ ए ९९
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी-२ १००
सत्य र जुग मै सीताजी भए, द्वापर जुगमा द्रुपदा १०१
त्रृतार युगमा तुलसी कहिए, कली युगमा कालिका १०२
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी-२ १०३
जया हो दुर्गे जया हो ईश्वरी, जय भगवती माई ए १०४
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १०५
शंख, चक्र, गदा, पद्म, अंकुश बाणसे मारिए १०६
हा हा अंकुश बाण से मारिए, त्रिशुल करधर खड्ग खप्परु १०७
असुर मारैला चण्डिका, हा हा देवी तुमु है भवानी १०८
सकल जगत्र के कारिणी -२ १०९
कालिका माई भैरवी काली, ज्योति जगमग विजय ११०
रौत वीज संहारिए, हा हा देवी तुमु है भवानी १११
सकल जगत्र के कारिणी -२ ११२
हा हा चण्डिका रूप से असुर मारिणी, काली रूप संहारिए ११३
माथ मुकुट ललाट चन्दन, असुर मारिणी कालिका ११४
महिषासुरको मुण्डकाटी, धुप, दिप चलाइए ११५

हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ११६
डिमिडिमी डम्मरुबाजे, घुँगा घुँघुँरा बजाइए ११७
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ ११८
ब्रह्मा विस्नु आदि देवी, दर्शन देउ भवानिए ११९
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १२०
अम्मिका रूप डोलिया चरिचरी, अम्मिका आई इन्द्र राजा बसाइए १२१
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १२२
महिषासुरको सवासिभए, चण्डिका रूप जो धारिणी १२३
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १२४
करो हो योज्ञ हामारो पासमे, तब त मैखासुर नासए -२ १२५
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १२६
महिषासुरको गर्दन छिनिए, खड्ग शोभिता माईए १२७
ब्रह्मा विष्णु रुद्र देव, कोटी वाण चलाइए १२८
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १२९
करो योज्य मैखासुर मारिणी, तीनइ त्रिलोक सुधारिणी १३०
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १३१
तुमो दास तुल्याए राम, तीन त्रिलोक सुधारिणी १३२
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १३३
डोलिया चढिचढी अम्मिका आइन् -२ १३४
तीन त्रिलोक सुधारिणी, हा हा देवी तुमु है भवानी १३५
सकल जगत्र के कारिणी -२ १३६
खड्ग खप्परुत्रिशुल करधर, अशुर मारैला चण्डिका १३७
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १३८
तीनई त्रिलोकमा राज्या लिइन है, और लिइन सब देशए १३९
खाटई सिंहासन दिदी लिइन् है, तखता लिइन नेपालए १४०
खाटई सिंहासन दिदी लिइन् है, तखता लिइन नेपालए १४१
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १४२
अर्धचन्द्र माथ मकुट, ज्योति स्वरूप देखाइए १४३
अर्धचन्द्र माथ मकुट, ज्योति स्वरूप देखाइए १४४
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी -२ १४५
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । १४६
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । १४७
तीनई त्रिलोकमा राज्य लिइन है, और लिइन सब देशए १४८
.........मुण्डमाला धारी, तीन त्रिलोक सुधारिणी १४९

चन्द्रमा मकुटसुर्य नेत्र, अग्नि जिव फैलाइए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
ब्रह्मा विस्नु आदि थिएम् है, दर्शन देउ भोबानिए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
देखो त दुर्गे लाल रूपेणी, माथ मकुट सुहाइए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
तीनयी त्रिलोकमा राज्य लिए, पृथिवी सुधारी रूपेणी
कालिका माई तिलक दिनु, चौषष्ठी जोगेनी साथए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
खड्ग कालिका लिनु है, चौषष्ठी जोगेनी साथए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
कालिका रूपले असुर मारिणी-२, लक्ष्मी रूप सुधारिए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
दुर्गा रूपले पृथिवी धारिणी, लक्ष्मी रूपले सुधारिए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
कोटि बाण हातमा लिए, असुर मारिणी चण्डिका
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
कालिका रूप मालिका रूप, चण्डिका से संहार
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
विश्व रूपमे मधुकैटभ बनिए, विस्नु रूप संहारिए
मएल रूपका मधुकैटभ बनिए, बिस्नु रूप सुहाइए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
सुमेरु पर्वतमा ज्योति स्वरूप, तीन त्रिलोक सुधारिणी
विस्नु आगे गण मिले, दर्शन देउ भुवानिए
सुमेरु पर्वतमा देवीजी जनमी, ज्योति स्वरूप देखाइए
धुप दिप नैवेद्यबा बनी, भाउ भक्त लगाइए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
रक्त दन्तिका लालयी बरण, निलो रूप देखाइए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
आफू त कालिका सिंह बाहिनी, सिह चढिचढी आइन् है
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
शंख चक्र गदा पद्म, अंकुश बाण से मारिए
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए ।
चल हो ब्रह्मा चल हो विस्नु-२, नित्य कारिणी माइये ।

हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । १८४
कुसुमाण्ड बलीको मुण्ड काटी, धुप, दीप चलाइये । १८५
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । १८६
डोलिया चढिचढी अम्मिका आइन्-२, इन्द्र राजा बसाइए । १८७
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । १८८
त्रिशुल बाण से सुम्भ मारिये, अंकुश बाण से संहार । १८९
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । १९०
बहुत युद्ध संकोश गरिये -२, अंकुस बाण से मारिये । १९१
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । १९२
त्रिशुल बाण से असुर मारिणी, सकल जगत्रको रक्षण १९३
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । १९४
ब्रह्मा, बिस्नु, रुद्र, इन्द्र, पुष्प, गन्ध चढाइए । १९५
तीनै त्रिलोकमा राज्य लिए है, कउने हुकुम चलाइए । १९६
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । १९७
जय हो कालिका जय हो मालिका, जय ईश्वरी भवानी १९८
दुर्गे रूपेणी ... कारिणी, काली रूप से मारिये । १९९
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २००
कानकी कौमिनी, देवी सुन्दरी-२, सिंह चढिचढी आइन् हैं । २०१
त्रिशुल कारधर वरण पत्र, असुर मारैला चण्डिका । २०२
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २०३
कानकी कौमिनी, देवी सुन्दरी, सोरग भुवन से आइन् है-२ २०४
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २०५
ललाट सिन्दुर माथै मुकुट, उपर छाती निमहा २०६
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २०७
गुज्यश्वरी ज्वाला माता, तीन त्रिलोक सुधारिणी २०८
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २०९
खडग खप्परु त्रिशुल शोभित, सकल जगत्र के कारिणी २१०
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २११
गुज्यश्वरीश्रीदुर्गा माता, मैखासुरको गर्दन छिनिये २१२
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २१३
धन्य ईश्वरी माइये, जया हो कालिका जया हो मालिका २१४
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २१५
जया ईश्वरी भवानी, आदि रूपेणी अनादि रूपेणी २१६
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २१७

तीन त्रिलोक सुधारिणी, चौषष्ठि गोज्यानी साथ हिने २१८
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २१९
तीन त्रिलोक के मालिका, तुमही ईश्वर तुमही पुराणम् २२०
तुमही ईश्वरी माइये, हा हा देवी सत्यवती सीता २२१
विस्नु अंग सुहाइए । २२२
हात खड्बाङ्ग रुद्र धारिणी, असुर मारिणी चण्डिके २२३
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २२४
खड्ग खप्परुत्रिशुल करधर, असुर मारी संधारिणी २२५
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २२६
मोहिनी कालिका रूपेणी भगवती, चण्डमुण्ड निपातिनी २२७
बहुम यज्य करो देवी, मुण्डमाला लगाइये २२८
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २२९
दोनो भक्तिको दया जो गरिए, अन्याय सरी माइये २३०
...बरणी निलो रूप, संहार कारिणी अशुरा २३१
जया हो देवी जया हो ईश्वरी, जय भगवती माइए २३२
हा हा देवी तीनही रूपेणी, सकल दरसके कारिणी २३३
आफू त देवी सिंह बाहिनी, सिंह चढिचढी आइए २३४
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २३५
रक्त बीजके संहार कारिणी, असुर मारी संहारिणी २३६
तुमहु पास तुलसी राम, धन्य ईश्वरी माइए २३७
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २३८
श्रीराज त्रिभुवनम् तीनइ लोकको, राज्य संहारि कारिणी २३९
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २४०
श्री दुर्गे देवी मोक्ष दायिनी, काली रूप से संकारिणी २४१
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २४२
खड्ग खप्परुत्रिशुल करधर, असुर मारैला चण्डिका २४३
जया हो कालिका जया हो मालिका, जय ईश्वरी माइए २४४
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २४५
महिषासुरको बन्दना गरिए, पाट पिताम्बर अङ्गी छापिए २४६
महिषासुर बन्दनाइए, महिषासुरको गर्दन छिनिए २४७
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २४८
धन्य ईश्वरी माइए, तिष्ट तिष्टन्ते महिषासुर से २४९
घण्टडुलनी शंख मुखनी, चक्र धनु जिधारिणी २५०
जया हो कालिका जया हो मालिका, जय ईश्वरी माइए २५१

हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २५२
महिषासुरको गर्दन छिनिए, रुधिर खप्परु भरिए २५३
खप्परु भरिभरी रुधिर देउमा, औसे प्रसन्न लगाइए २५४
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २५५
अष्टमी देवी खड्क सुहे, नवामी पवी जुटाइनी २५६
दशमी देवी तिलक देउ, कैलाश वास जो पाइए २५७
हा हा देवी सत्यवती सीता, विस्नु अंग सुहाइए । २५८
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी २५९
जै देवी कालिका प्रसन्न भइन् है, ब्रदान दिइन है भवानी २६०
शिव तुति के कालि माता, महिषासुरको संहार कारिणी २६१
असुर मारिणी चण्डिका, मकुट कुण्डल शोभित कालिका २६२
कैलाश बास जो पाइए, जय हो अम्मिका जय हो कालिका २६३
जय हो सरस्वती माइए, आफना भक्तिको जया जो गरिए २६४
धन्य ईश्वरी माईए, चौषष्ठी लाख अलाख असुरा २६५
सखवा सैन्य जो भइए, आफूनो भक्तिको जया गरिए २६६
धन्य ईश्वरी माईए, दशया सब यात्रा मंगल जो कारिणी २६७
अवए मच्छे दायिनी कालिका २६८

## पाठसार

नवदुर्गा देवी सर्वशक्तिशालिनी छिन् । यिनी हामीहरूको कल्याण गर्छिन् । अनेक रूपको धारण गर्ने देवीले शंख, चक्र लिएकी छिन् । रातोरूप धारण गरेकी देवीले असुरहरूको निमास (बिनाश) गरी तीनै लोकको सुधार गरेकी छन् । यस प्रकारकी देवीले हामीहरूलाई दर्शन दिऊन् (१-११)

ज्योतिरूप लिएर उत्पन्न भएकी देवीका साथमा चौषष्ठी जोगिनीहरू छन् । उनको ज्योतिले चारै दिशा जगमग भएको छ । माथ मुकुट, अर्धचन्द्र, सूर्य सामान नेत्र भएकी देवीका राता दाँत, निलो वर्ण छ । उनी यस जगतकी रक्षक हुन् (१२-१७)

शिरमा सिँदुर, कानमा कुण्डल लगाएकी देवीको मुकुट झल्केको छ । सहस्र वाण लिएकी देवीका अम्बिका, भैरवी, चामुण्डा, धुम्रलोचनी, वज्र, कालिका, माता, पूर्णवर्ती सीता, विष्णु, भीमकाली, दुर्गा वा दुर्गे, ब्रह्मा, रुद्र, इन्द्र, मालिका, गुहेश्वरी श्रीदुर्गा, मोहनी कालिका, जननी, ईश्वरी आदि नाम हुन् । देवीलाई कोटी वाण सुहाइरहेका छन् । असुरको नाश गर्ने हैसियत भएकी देवीले खड्ग, खप्परु, त्रिशुल धारण गरेकी छन् । सिंहबाहिनी कालिका हाम्री माता हुन् । उनले सबैको हित गर्छिन् । गलमतीको हार लगाएकी देवीले पाउमा घुँघुरा लगाई छमछम बजाउँछिन् । हातमा खड्वाङ्ग, त्रिशुल लिएकी देवीले मुण्डमाला लगाएकी छन् । असुर, दैत्य वा शुम्भ नाम गरेका असत्यहरूलाई मारेर सत्यको पक्षमा लाग्न शक्ति दिने देवी शक्ति दायिनी हुन् । शक्ति दायिनी देवी कैलाशमा प्रथम पटक उत्पन्न भई बास लिएकी थिइन् । उनलाई हामीले पुष्पगन्ध चढाऔं । उनकै नाममा झिलिमिली डमरु, घुँगुरा, शंख, वेनी आदि छत्तीस प्रकारका बाजा बजेका छन् । उनले सकल राज्य जितेर तीन

त्रिलोकमा राज्य गरेकी छिन् । यिनको नाममा धुप, दीप चढाउने काम हुन्छ । महिषासुरको बली लिने देवीले खप्पर भरेर रगत पिउँछिन् (१८-९८)

देवीलाई सत्ययुगमा सीता, द्वापर युगमा द्रुपदा (द्रौपदी), त्रेतायुगमा तुलसी र कलियुगमा कालिका नामले सम्बोधन गरिएको छ । देवीको समीपमा यज्ञ गर्दा महिषासुरको नाश हुनेछ । महिषासुरको गर्धन छिनाउने खड्ग देवीलाई सुशोभित भएको छ । महिषासुरलाई मारेर गरिएको यज्ञले तीन(त्रिलोक सुधारिने छ । त्यसैले महिषासुरको पुजन गरी गर्धन छिनाउने काम भयो । डोली चढेर आएकी देवीले नेपालमा तखता एवम् सिंहासन लिइन् । उनको नेत्र सुर्य समान तेज, जिब्रो अग्नि समान ताप भएकी दुर्गारूपले पृथ्वी धारणी, लक्ष्मीरूपले सुधार गर्नेछिन् । विश्वरूपमा मधुकैटभ बन्नेछिन् । विष्णुरूप संहारका लागि, सुमेरु पर्वतमा ज्योति स्वरूपमा रहेकी देवीले धुप, दीप, नैवेद्य भक्तहरूलाई भाग लगाइन् । कुसुमाण्ड बली दिई धुप, दीप चढाइयो । यी देवी स्वर्गबाट आएकी हुन् । यिनी आदि र अन्त्य हुन् । यी सबै कार्यले खुशी भइन् । उनले आफ्ना भक्तको जय गर्छिन् (९९-२६६)

## संरचना र शैली

यसमा जम्मा दुई भागमा चौबीस राग छन् । पहिलो रागमा तीन, दोस्रोमा पाँच, तेस्रोमा आठ, चौथोमा छ, पाँचौमा आठ, छैटौंमा छ, सातौंमा सात, आठौंमा चार, नवौंमा चार, दशौंमा चार, एघारौंमा चार, बाह्रौंमा तेह्र, तेह्रौंमा बाह्र, चौधौंमा एघार, पध्रौंमा बाईस, सोह्रौंमा तीन, सत्रौंमा दुई, अठारौंमा आठ, उन्नाईसौंमा चार, बीसौंमा दुई, एक्काईसौंमा आठ, बाईसौंमा चार, तेईसौंमा सात, चौबीसौंमा नौ चरण रहेका छन् । यसरी गायकका अनुसार एकसय चौसट्ठी चरणले पूर्णता पाएको छ, तर भाग, राग र चरणलाई विभाजन गरी बताउने प्रयास सार्थक रूपमा उत्रन सकेन । त्यसैले गायनरूपलाई सुन्दा र बुझ्दा यसमा झिनो आख्यान भएको आभास भए तापनि स्तुति भजनको रूपमा यसको संरचना विद्यमान छ, जसलाई जोडेर वा तोडेर बुझ्दा वा हेर्दा भावमा अन्तर रहँदैन ।

यसमा हाम्रो परम्परा, संस्कारलाई सम्बोधन गरिएको छ । पात्र, स्थान, परिवेश र पात्रका कार्यव्यापारका आधारमा उनिएको यस रचनाको आख्यानीकरण शिथिल छ । अनायोजितरूपमा विभिन्न अलङ्कारको पनि प्रयोग भएको छ :

अतिशयोक्ति :

हा हा लाल मुकुट गंगा जमुना, त्रिवेणी, (६)
नारायणी काली चन्द्ररूपेणी धारिणी (७)
रक्तवीज निपाती देवी शंख, चक्र धारिणी, (८)
हा हा लाल रूपेणी असुर मारिणी (९)
हा हा लाल रूपेणी असुर मारिणी, (१०)
हा हा तीन त्रिलोक सुधारिणी (११)

अनुप्रासः

लाल रूप चण्डिका आई, असुरा मारैला चण्डिका (५७)
हा हा देवी तुमु है भवानी, सकल जगत्र के कारिणी-२ (५८)

कारणमालाः

सत्य र जुग मै सीताजी भए, द्वापर जुगमा द्रुपदा (१०१)
त्रृतार युगमा तुलसी कहिए, कली युगमा कालिका (१०२)

शैलीमा सहज गत्यात्मकता छ, जसलाई लामो लेग्रो तानेर गाउने गरिन्छ । यसको भाषा मिश्रित छ । तत्सम शब्दको बाहुल्य रहेको छ । हिन्दी, उर्दु एवम् फारसी भाषाका शब्दहरूको प्रयोगले यसको मूलपाठ आयातित भन्ने बुझिन्छ ।

प्रस्तुत लोकरचनाको विषय-प्रकृति-अनुरूप वातावरण शान्त एवम् गम्भीर हुने कुरा स्वाभाविकै रहन्छ । यसले सम्बोधन गरेको मूलपात्र देवी हुन् । गेयात्मक शैलीशिल्पका दृष्टिले हाम्रो लोकप्रचलनलाई छर्लङ्ग पारेको छ । हाम्रा पर्व विशेषमा अनुरञ्जित यस गायन शैलीले यो रचना मार्मिक र मधुर बन्न पुगेको हो । यसो हुनुमा सुन्न र सुनाउने काममा अभ्यास भएको हुँदा भन्ने बुझिन्छ । यो रचनामा भाव संप्रेषणीय शक्ति भने तीव्र छैन ।

## कथ्य र सन्देश

यो नवदुर्गा देवीको स्तुति हो । उनी सर्वशक्तिमान भएको कुरा मूलपाठमा सम्बोधन गरिएको छ । त्यसैले यिनले मानिसको कल्याण गर्छिन् । भक्तको कल्याण गर्नु देवीको चिनारी हो । त्यसैले हाम्रो पनि कल्याण गरुन् भन्ने कामना गर्न चाहन्छौं । यसरी अनेक भावना र अनुभूतिले हाम्रो मानसपटलमा घर जमाएको छ । हाम्रो मन र मस्तिष्कमा देवीले स्थान पाएकी छन् । यिनै कारणहरूले नै हो, देवीहरूको स्तुति गाउने गरिएको । देवीप्रति हाम्रो विश्वास छ, समर्थन छ र त अनुरागी भएर जीवन बिताउन आनन्द मान्दछौं । हाम्रो सनातन धर्मले यसैमा अभ्यस्त बनाएको छ । त्यसैले उनको शक्तिको बखान गरेर थाक्दैनौं । उनका रूपरंगको प्रशंसा गर्नुमै आनन्द मान्दछौं । यस्तै देवीलाई देख्न पाउनु सौभाग्य हुने हुँदा दर्शन पाउन लालायित भएको प्रस्तुति छ (६-११)

देवीको असत्यको विपक्षमा र सत्यको पक्षमा दृष्टि पुग्छ । व्यक्ति, परिवार, जातिलाई कुनै पनि कारणले विभेद नगर्ने देवीलाई सकल जनकी रक्षक मानिएको छ । त्यसैले नै उनले जगतकी जननीको संज्ञा पाएकी हुन् । यस्ती देवीको दर्शन पाउन भक्त भजनमा लिप्त छ । उसले इमान्दार प्रयासको प्रतिफल पाउने कुरामा विश्वस्त छ (३१-३२)

देवीको चारै दिशा जगमग छ । उनले माथमा मुकुट, शिरमा सिँदुर, कानमा कुण्डल धारण गरेकी छन् । सूर्य समान तेज नेत्र भएकी देवीलाई राता दाँत, निलोवर्ण सुहाएको छ । सहस्र वाण लिएकी देवीलाई विभिन्न नामले पुकार्ने गरिन्छ । उनलाई अम्बिका, भैरवी, चामुण्डा, धुम्रलोचनी, वज्र, कालिका, माता, पूर्णवर्ती सीता, विष्णु, भीमकाली, दुर्गा वा दुर्गे, ब्रह्मा, रुद्र, इन्द्र, मालिका, गुहेश्वरी श्रीदुर्गा, मोहनी कालिका, जननी, ईश्वरी नामले सम्बोधन गरिन्छ । उनमा असुरको विरोधी मात्रै होइन, नाश गर्ने हैसियत भएको विश्वास लोकमानसमा पाइन्छ । उनले असुरहरूको नाश गरी उनीहरूका मुण्डको माला बनाई लगाउने काम गरेकी छन् । स्वयं असुर, दैत्य वा सम्भ नाम गरेका असत्यहरूसँग जुध्नु र भक्तलाई जुध्ने शक्ति दिने देवी दानी हुन् । उनले सर्वलोकको रक्षा गर्ने कुरामा भक्त आश्वस्त रहेको छ (८४-८९)

## निष्कर्ष

मालसिरी विजयादशमीमा घटस्थापनादेखि दशमीसम्म गाइन्छ । नवरात्रभरि गाइने नौ देवीको स्तुति नै मालसिरी हो । यो गाउँदा सुख सवृद्धि हुन्छ भनेर गाउने गरिन्छ । त्यसका साथै अन्य सहभागी एवम्श्रोतागणले पनि यस अवसरलाई महत्त्व दिने गरेको पाइन्छ । यो क्षण धार्मिक एवम् मनोरञ्जनका दृष्टिले महत्त्वको मानिन्छ । अन्य दिन आआफ्ना घरमा गाइए तापनि अष्टमीका दिन कोट वा मौलोमा मालसिरी गाउने चलन छ । समय बिहानको हुन्छ भने अन्य दिन बेलुकाको समयमा गाइएको हुन्छ । अष्टमीको दिन बेलुका कोट वा मौलोमा

चिरागसमेत बालिन्छ र त्यस समयमा पनि मालसिरी गाइन्छ। यहाँ पुष्प, गन्ध, अक्षता, पाती, धुप, दीप, चढाइन्छ। यो कार्य बिहान र बेलुका दुवै समयमा गरिन्छ । विशेषरूपमा राँगा काट्दाको अवसरमा निकै उत्कृष्टपाराले पूजाका साथ गाउने गरिन्छ ।

भवानी देवीको स्तुति भएको हुँदा यसलाई नवदुर्गा भवानीको भजन पनि भनिन्छ। यसमा घटस्थापनदेखि दशमीसम्मका कुराहरू रहेका छन्। दुर्गाको स्तुति गाउँदा श्रीसम्पत्तिको रक्षा हुने मान्यता रहिआएको छ। अन्त्यमा, नेपालमा लोकवार्ताको यथोचित अध्ययन भएको छैन । धेरै लोकभाषा, लोकसंस्कृति र लोकसाहित्य छन् तिनको वैज्ञानिक संकलन, अध्ययन र विश्लेषणको कुरा त कता हो सनातन कार्यसमेत हुन छाडेका छन्। यस अवस्थामा भन्नु पर्ने हुन्छ हाम्रा सम्पत्ति लोपोन्मुख छन्। यस अवस्थामा मैले नवदुर्गाको अवसरमा गाइने मौलिक मालसिरी (भजन) को संकलन, अध्ययन र परम्परित विश्लेषण गरे । वैज्ञानिक विवेचनका लागि भने महत्त्वपूर्ण सामग्री पस्केको बुझेको छु ।

## सन्दर्भ ग्रन्थसूची

अधिकारी, विश्वप्रेम (२०५७) : **आँधीखोले लोकसंस्कृति र लोकगीत :** स्याङ्जा : विजयकुमार अधिकारी ।

.................. (२०५२) : **पश्चिमाञ्चलका लोकगीत र परम्परा :** स्याङ्जा : विजयकुमार अधिकारी ।

आप्टे, वामन शिवराज (सन् १९८७) : **संस्कृत-हिन्दी कोश :** दिल्ली, वाराणसी, पाटन, मद्रास : मोतीलाल बनारसीदास ।

आचार्य, चेतोनाथ (२०२७) : **प्रकृति तत्व :** प्रज्ञा, वर्ष १, अङ्क १, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

आर.डी. र एल. एल. (२०२७) :**नेपालका विभिन्न जाति र लोकगीत एक परिचय :** काठमाडौं : जगदम्बा प्रकाशन ।

ईश्वर बराल (सं.मण्डल) (२०३०) :**नेपाली साहित्यकोश :** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रीवास्तव, पूर्णिमा (सन् १९७५) : **लोकगीतों में समाज :** जयपुर-१ : मंगल प्रकाशन गोविन्द राजियों का रास्ता ।

कन्दङ्वा, काजीमान (२०२०) **नेपाली जनसाहित्य** : काठमाडौं : रोयल नेपाल एकेडेमी ।

थापा, धर्मराज (२०३०) : **गण्डकीका सुसेली :** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दिवस, तुलसी (२०३२) :**नेपाली लोकसंस्कृति संगोष्ठी :** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने कृष्णप्रसाद (२०७०) : **हाम्रो संस्कृति : लोकजीवन :** काठमाडौं : रन्नता न्यौपाने ।

पन्त, कालीभक्त (२०४३) : **हाम्रो सांस्कृतिक इतिहास :** काठमाडौं : स्वयं, दोस्रो ।

मगर, केशरजंग बराल (२०५०) :**पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति :** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

वनवासी, देवीप्रसाद (२०५५) : **आँधीखोले लोकसंस्कृति** : स्याङ्जा : चित्रलेखा प्रकाशन ।

वन्धु, चुडामणि (२०५२) : **नेपाली लोकसाहित्य** : काठमाडौं : एकता बुक्स ।

शर्मा, जनकलाल (२०३९) :**हाम्रो समाज : एक अध्ययन**, काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, हंसपुरे (२०५५) : **नेपाली लोकजीजन** : लोकविश्वास, काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव र अन्य (सम्पादक मण्डल) (२०४०) : **नेपाली वृहत् शब्दकोश :** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

**Manuscript Submission Guidelines**

The editorial board of NJ/NUTA Journal is always interested in encouraging the publication of articles which analyses the rural issues and other developmental studies, in general. Keeping this in mind, and in order to facilitate the presentation, consideration and publication of papers we have prepared the following information and suggestions to serve as a guideline to the future Authors.

- NJ/NUTA invites to submit articles from all the authors including students at nuta2019bs@gmail.com and for more information, please do not hesitate to consult with members of editorial board.
- All the authors need to indicatetitle of the paper, name of the author, profession, the academic or professional institution he/she belongs to, his/her nationality and e-mail address.
- The title of the paper should be not more than 12 words and focus must be given to explain or explore relevant and contextual ideas.
- The article can be up to 7000 words including abstractand references.
- Every article must be in English language and accompanied by an abstract (150-250 words) giving a brief description of its subject matter and conclusions. The key words not more than six, should also be provided immediately below abstract.
- Articles should be typed on one side of the paper, double-spaced and with generous margins and not be longer than 7,000 words, including the abstract, notes and references.
- Reference citations should be given in ascending alphabetically arranged at the end of the manuscript and not more than two pages.
- For referencing style, follow theAmerican Psychological Association (APA) 6th Edition.
- One printed copy of the original text should be submitted, along with a floppy/CD Texts may also be sent to or nuta2019bs@gmail.com
- Footnotes/endnotes should be kept to the minimum, as should the number of tables and figures, which should not duplicate information given in the text.
- Follow the title (Times New Roman 14, bold face and centered) and subtitles (Times New Roman 12, bold face and left aligned).
- Name of the Authors in Times New Roman 12 with bold face centered and their affiliation (Times New Roman 11, non-bold faces and centered and remaining texts11 non bold faces).
- Tables need to have title above the table and figures need to have title below the figure (Times New Roman 10).
- Each table and figure should be well descriptive so that, this can be understood without description in text section.
- The editorial board of NJ/NUTA reserves the right to make any necessary revision or editorial changes in the articles, including their title.
- Final decision of acceptance of the article will be notified to the authors as soon as possible.
- Author (s) will receive a one-year courtesy subscription of the journal at the time of publication.
- Copyright of the accepted articles will be reserved by NJ/NUTA Journal of Nepal University Teachers' Association.

**For Article Submission and other Information**

NUTA JOURNAL, Nepal University Teachers' Association
Saraswati Sadan, Ghantaghar, Kathmandu, Nepal
Telephone/Fax: 01 4245798, 4334190
Email: nuta2019bs@gmail.com
Webpage: http://www.nuta.org.np

**Principal Contact**

Mr. Dilnath Dangal
Lecturer, Ratna Rajya Laxmi Campus, Exhibition Raod, Kathmandu, Tribhuvan University
Email:dangaldilnath@gmail.com
Cell: +9779851188575

**Support Contact**

Mr. Rakesh Shreshta
Nepal University Teachers' Association (NUTA)
Saraswati Sadan, Ghantaghar, Kathmandu, Nepal
Email: nuta2019bs@gmail.com
Cell: +9779841975553